## लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.

# पांचौं वार्षिक साधारण सभा

## मितिः २०६७ साल जेष्ठ ०७ गते शुक्रबार

## (मे २१, २०१०)

# सभाको विवरण तथा छलफल र निर्णयको माइन्युट


**रजिष्टर्ड कार्यालयः**

पो.ब.नं. २३१००, त्रिदेवीमार्ग, ठमेल, काठमाडौं,

फोन नं. ४४११७०७,

फ्याक्स नं.: ४४११६९२

Email: cs@lgic.com.np

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

पाँचौं बार्षिक साधारण सभाको विवरण
तथा छलफल र निर्णयको माइन्युट

कम्पनीको पाँचौं बार्षिक साधारण सभाको विवरण र छलफल तथा निर्णयको माइन्युट देहाय बमोजिम प्रस्तुत गरिएको छः

सभाको प्रारम्भमा कम्पनी सचिवबाट उपस्थित सबैलाई उपस्थितिको लागि धन्यवाद ज्ञापन गर्दै स्वागत गरियो ।

**सभाको सूचना:**

सभाको सूचनाको सम्बन्धमा कम्पनी सचिवबाट निम्न जानकारी गराइयोः

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम २०६७/०१/०२ को सञ्चालक समितिको निर्णयानुसार कम्पनीको पाँचौं बार्षिक साधारण सभा आव्हान गरिएको र सोको सूचना मितिः २०६७ साल बैशाख १० र ११ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । यसै बीच अनिश्चितकालीन आम हडतालको कारणबाट आवश्यक प्रकृया पूरा गरी सभा सम्पन्न हुन कठिन हुने कुरालाई मनन गर्दै मितिः २०६७/१/२४ को सूचनाबाट स्थगन गरिएकोमा स्थिति सामान्य भएकाले मितिः २०६७ बैशाख २८ गतेको सञ्चालक समितिको निर्णय र २९ गतेको सूचना बमोजिम प्रस्तुत सभा पुनः आव्हान गरिएको थियो । आ.ब. २०६५/६६ को पाँचौं वार्षिक प्रतिवेदन र सोही अवधिको लेखापरीक्षकले प्रमाणित गरेको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण शेयरधनीहरूको ठेगानामा यथाशक्य पठाइएको र उल्लेखित विवरणहरू कम्पनीको वेभसाइटमा राखि हेर्न वा प्राप्त गर्न सकिने व्यबस्था गरिएको थियो ।

**सभाको मिति, समय र स्थान:**

मितिः २०६७ साल जेष्ठ ०७ गते शुक्रबार (तदानुसार मे २१, २०१०)

समयः बिहान ११:३० बजे शुरू भई अपरान्ह ३:०० बजे सम्पन्न भएको,

स्थानः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको सभाकक्ष, जावलाखेल ललितपूरं ।

**उपस्थिति:**

**क) सञ्चालकहरू:**

| | | |
|---|---|---|
| १. | श्री हिमालय शमशेर ज.ब.राणा | अध्यक्ष |
| २. | श्री चिन्तामणि भट्टराई | सञ्चालक |
| ३. | श्री मनोहर दास मुल | सञ्चालक |

४. श्री मिङ्मा दोर्जी शेर्पा — सञ्चालक

५. श्री शङ्कर घिमिरे — सञ्चालक

६. श्री सुरेश प्रजापति — सञ्चालक

७. श्री प्रताप कुमार आचार्य — सञ्चालक

८. श्री विश्वराज रेग्मी — बैकल्पिक सञ्चालक

**ख) जम्मा शेयरधनीहरूको उपस्थिति संख्याः** ८५ (पचासी)

**ग) पर्यवेक्षक उपस्थितिः**

१. श्री राजु बहादुर जिसी, नेपाल धितोपत्र बोर्ड,

२. श्री सागर ढुङ्गेल, नेपाल स्टक एक्चेञ्ज लि.

२. श्री सन्तोष ढकाल, प्रतिनिधि, टि.आर. उपाध्याय एण्ड कम्पनी (लेखापरीक्षक)।

**घ) कम्पनीका अन्य पदाधिकारीहरूको उपस्थितिः**

१. श्री रण बहादुर भडेल — महाप्रबन्धक

२. श्री प्रकाशमान तुलाधर — नायब महाप्रबन्धक

३. श्री बिनोद काजी श्रेष्ठ — नायव महाप्रबन्धक

४. श्री बिजेन्द्रमान जोशी — आन्तरिक लेखापरीक्षक

५. श्री इन्द्र बहादुर गुरूङ्ग — बरिष्ठ प्रबन्धक, बित्त बिभाग

६. श्री कृष्ण प्रसाद दवाडी — प्रबन्धक, अण्डरराइटिङ्ग बिभाग

७. श्रीमती करूणा मानन्धर — प्रबन्धक, दावी बिभाग

८. श्री देवेन्द्र कोइराला — कम्पनी सचिव

**गणपुरक संख्या:** (कम्पनीको नियमावलीको नियम (५) अनुरूप):

| विवरण | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|
| उपस्थित शेयरधनी संख्या | ८५ | ७९.१२ प्रतिशत |
| शेयर कित्ता | ९,८८,९१० | |

## सभाको बैधानिकता र सभाको अध्यक्षता:

क) कम्पनीको नियमावलीको नियम ५ मा व्यबस्था भए बमोजिम कम्पनीको बांडफांड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी जम्मा शेयरधनीहरू मध्ये कम्तीमा १० जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधि मार्फत

उपस्थित भएमा साधारण सभाको गणपुरक संख्या पूरा हुने उल्लेख गरिएकोमा प्रस्तुत साधारण सभामा हांजिरी जनाउने शेयरधनीहरूको संख्या ८५ भएको र सो उपस्थितिले कम्पनीको बाँडफांड भएको कूल १२ लाख ५० हजार कित्ता शेयरमध्ये ९,८८,९१० कित्ता अर्थात ७९.१२ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुंदा सभा सञ्चालनको लागि गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सभा वैधानिक भएको घोषणा कम्पनी सचिवबाट गरियो ।

ख) तत्पश्चात सञ्चालक समितिका अध्यक्ष श्री हिमालय शमशेर ज.ब. राणाज्यूलाई सभाको सभापतित्व ग्रहण गरी बार्षिक साधारण सभाको निर्धारित कार्यक्रम शुरू गर्न कम्पनी सचिवबाट अनुरोध गरियो ।

ग) अध्यक्षज्यूले सभाको सभापतित्व ग्रहण गर्दै सबै शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिका सदस्यहरूको परिचय गराउनु भयो र जेष्ठ महिनाको चर्को गर्मी खेपेर साधारण सभामा भाग लिन आउनुभएकोमा अध्यक्षज्यूले उपस्थित सबै शेयरधनीहरूलाई सञ्चालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो ।

सभाको लागि प्रस्तुत बिषय सूचिहरूमाथि प्रवेश गर्नु अगाडि अध्यक्षज्यूले वार्षिक साधारण सभा आयोजना गर्न भएको ढिलाईको बारेमा प्रकाश पार्नुभयो । यस कम्पनीको लेखापरीक्षणको कार्य २०६६, भाद्र १६ गतेबाट शुरू भएको, कम्पनीमा रहेका १२० खाताहरूको रिकन्सिलेशनमा बढि समय लाग्न गई मितिः २०६६/९/२३ मा लेखापरीक्षकबाट प्रतिवेदन प्राप्त हुन सकेको, लेखापरीक्षणको कार्य अन्तीम रूपमा समाप्त भई सञ्चालक समितिले मितिः २०६६/१०/२६ मा वासलात पारित गरेको, मितिः २०६६/१०/२८ मा वित्तीय विवरण स्वीकृतिको लागि बीमा समितिमा पेश गरिएकोमा बीमा समितिबाट २०६६/१२/१६ मा स्वीकृति प्राप्त भएको र यसै बीच अनिश्चितकालीन आमहडतालको कारणबाट पनि सभा केहि ढिलो हुन गएको जानकारी अध्यक्षज्यूले गराउनुभयो ।

## छलफलका बिषय सूचिहरू:

क) सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने,

ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०६६ साल असार मसान्तको वासलात, आ.ब. २०६५/६६ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण पारित गर्ने,

ग) सञ्चालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूंजीको ५% नगद लाभांश पारित गर्ने,

घ) सञ्चालक समितिको बैठक भत्ता बृद्धि गर्ने,

ङ) आ.ब. २०६६/६७ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने,

च) संस्थापकहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सात सञ्चालकहरूको निर्वाचन गर्ने,

छ) बिबिध ।

## क) सञ्चालक समितिको बार्षिक प्रतिवेदन:

सभाको अनुमति लिई अध्यक्षज्यूले सञ्चालक समितिको आ.ब. २०६५/६६ को पाँचौं वार्षिक प्रतिवेदनको मुख्य मुख्य बुंदाहरूमा प्रकाश पार्नुभयो । कम्पनीले यस आर्थिक वर्षमा दावी, अण्डरराइटिङ्ग, पुनर्बीमा, लेखा प्रणालीमा सुधार गरिएको जानकारी गराउनुभयो । समीक्षा वर्षको लागि रू. २४ करोड बीमाशुल्क आर्जन गर्ने लक्ष्य लिइएकोमा थेरै दावी पर्ने केहि यातायात व्यवसायी संघहरूको व्यवसाय नविकरण नगरिएको कारणबाट १८ करोड २० लाख मात्र आर्जन भएको, तैपनि कम्पनीले आफ्नो मुनाफाबाट ५% भएपनि लाभांश दिन सक्षम भएको जानकारी गराउनुभयो । चालु आ.ब. २०६६/६७ को चैत्र मसान्तसम्ममा २१ करोड ४५ लाख बीमाशुल्क आर्जन भएको, असार मसान्तसम्ममा घटिमा २८ करोड हुने अनुमान गरिएको, सो अङ्क गत आ.ब.को तुलनामा करिब ५५% ले बढोत्तरी हुने र मुनाफामा पनि बृद्धि हुने अनुमान गरिएको जानकारी गराउनुभयो ।

दावीको हकमा गतवर्ष रू. १४ करोड ८१ लाख भएकोमा चालु आ.ब. को ९ महिनामा रू. १५ करोड ६२ रहेको र असार मसान्तसम्म १८ करोडसम्म पुग्ने अनुमान गरिएको जानकारी गराउनुभयो । यस कम्पनीको बीमा बजारको क्षेत्र (Market Share) ६% रहेको र यसलाई बढाउनुपर्दछ भन्ने धारणा सञ्चालक समितिको रहेको जानकारी गराउनु भयो । काठमाडौंमा व्यवसायको छिनाझप्टी बढि भएकोले भावी कार्यक्रमको रूपमा बाग्लुङ्गमा उपशाखा कार्यालय खोल्ने, नयां सडक शाखाको काम कारवाही बिस्तार गर्ने, सोलुखुम्बुमा सम्पर्क कार्यालय खोल्ने, बिभिन्न नगरहरूमा कम्पनीको प्रतिनिधिहरू राखि व्यबसाय विस्तार गर्ने कार्यक्रम रहेको, बिभागहरूको कामकारवाहीमा परिमार्जन गरी छिटो छरितो बनाइने कार्यक्रम रहेको जानकारी गराउनुभयो ।

## ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ साल असार मसान्तको वासलात, आ.ब. २०६४/६५ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण अनुमोदन:

अध्यक्षज्यूले २०६६ साल आषाढ मसान्तको वासलात, आ.ब. २०६५/६६ को नाफा नोक्सान हिसाव, सोही अबधीको नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूचिहरूको सम्बन्धमा शेयरधनीहरूलाई संक्षिप्त जानकारी गराउनुभयो ।

## ग) सञ्चालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूंजीको ५% नगद लाभांश अनुमोदन:

यस कम्पनीको सञ्चालक समितिले आ.ब. ०६५/६६ को मुनाफाबाट चुक्ता पूंजी रू. १२ करोड ५० लाखको ५ प्रतिशतले हुन आउने रू. ६२,५०,०००/- (बैंसठ्ठी लाख पचास हजार मात्र) नगद लाभांश बितरण गर्ने निर्णय गरेको जानकारी सभालाई गराउनुभयो ।

उल्लेखित बिषयहरूको सम्बन्धमा संक्षिप्त जानकारी गराउंदै अध्यक्षज्यूले सञ्चालक समितिको पाँचौं वार्षिक प्रतिवेदन, २०६६ साल आषाढ मसान्तको वासलात, आ.ब. २०६५/६६ को नाफा नोक्सान हिसाव, सोही अबधीको नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूचिहरू एवं सञ्चालक समितिको सिफारिस गरे बमोजिम चुक्ता पूंजीको ५% नगद लाभांश बितरण गर्ने प्रस्ताव पारित गरिदिन अनुरोध गर्दै प्रस्तुत बिषयहरूमा आफ्नो कुनै मन्तव्य भए प्रस्तुत गर्न इच्छुक शेयरधनीहरूलाई आग्रह गर्नुभयो।

अध्यक्षज्यूको आग्रह पश्चात मन्तव्य व्यक्त गर्न इच्छा व्यक्त गरी नाम टिपाउनुभएका निम्न शेयरधनीहरूबाट आफ्नो मन्तव्य व्यक्त गर्ने क्रम शुरू भयो:

**श्री दिनेशराज पन्तः**

गत वर्षमा झैं यस वर्ष पनि लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनीले लाभांश दिन सकेको छ। यसको लागि सञ्चालक समिति, कम्पनीका कर्मचारीहरूलाई बधाई र धन्यवाद दिन चाहन्छु। चालु आ.ब.को लागि यसमा बृद्धि हुने जानकारी अध्यक्षज्यूबाट पाएका छौं।

साधारण सभा ढिलो कुनुको कारण अध्यक्षज्यूबाट आयो। छ महिनाभित्र गर्नु धेरै राम्रो हो। पौषभित्रै गरेपनि पौषको चौथो हप्तामा नगरिदिनुहोला, किनकी त्यतिखेर धेरै कम्पनीको साधारण सभा हुने भएकोले समय मिलाउन हामीलाई गाऱ्हो हुन्छ। प्रतिवेदनमा धेरै कुराहरू खुलाएर दिइएको छ। देश, काल, परिस्थिति अनुसार सञ्चालकहरूको बैठकभत्ता बृद्धि गर्नु जायज छ तर अङ्क खुलेरै आएको भए हुन्थ्यो। सञ्चालक समितिको निर्वाचन कार्यक्रम रहेछ, निर्विरोध भएरै आयो होला। जो आउनु भएपनि उहांहरूलाई शुभ-कामना दिन चाहन्छु।

सबै कमिटीका सदस्यहरूको नाम राखे राम्रो हुन्थ्यो। लाभांश बुझिलिन बाँकी रकम रहेछ। लाभांश लिन बाँकी शेयरधनीहरूको नाम साधारण सभामा टांसिदिए सबैलाई जानकारी हुनेथियो। भवन निर्माणको कार्यक्रम रहेछ, सकिन्छ भने अर्को बर्षको साधारण सभा आफ्नै घरमा गर्न पाए राम्रो हुने थियो। बीमा समितिको पत्र र कम्पनीको जवाफ पारदर्शी ढङ्गले राखिएको छ। प्रतिवेदनमा बिगतको साधारण सभाको फोटो राख्ने चलन पनि छ। अन्तमा साधारण सभाको सफलताको कामना गर्दछु।

**श्री रमेश कर्माचार्यः**

साधारण सभा कम्पनीको वार्षिकोत्सव वा जन्मदिन जस्तै हो र यो साधारण सभामा भाग लिन शेयरधनीहरू पोखरा, बुटवलदेखि आएका छन्। यहां चिया, पानीको व्यवस्था देखिएन।

प्रतिवेदनको पेज नं. (५) मा भनिए झैं गएको एकवर्षमा कम्पनी थपिएजस्तो लाग्दैन। त्यस्तै बीमाशुल्क आम्दानीमा देखाइएको विविध आम्दानी भनेको के हो ? त्यस्तै पेज नं. (६) मा पनि विविध आम्दानी घटेको छ। यसबारे प्रष्ट गरिदिनुहोला।

गतवर्ष लाभांश ५.२६% दिइएकोमा अहिले ५% भनेको खुद अङ्क हो कि होइन ? यसवर्षको आय बढेको देखिएन । गतवर्षको सञ्चित रकम सारिएको कारणले नाफा देखिएको हो । त्यति राम्रो प्रगति गरेजस्तो लाग्दैन । ठूला यातायात व्यवसायीहरूको बीमा नगरिएको भनेपनि दावी भने बढेको छ । काठमाडौंमा व्यवसाय बढि हुनुपर्दछ । यहां २ वटा शाखा कार्यालयको मात्रै अङ्क राखिएकोमा प्रधान कार्यालय र सबै शाखाको अङ्क पनि राखेको भए राम्रो हुने थियो । सार्वजनिक यातायातको बीमा गर्दा दावीमा थेग्नै नसकिने दवाव भनेको कस्तो हो ?

कम्पनीको प्रथम साधारण सभामा नै मैले कम्पनीको आफ्नै भवन हुनुपर्दछ भनेको थिएं । गतवर्षको साधारण सभामा २०६६ साल असोजमा नक्शापास गरिसक्ने र माघमा शिलन्यास गर्ने कार्यक्रम सुनाइएको थियो । कार्यसम्पादन त्यति राम्रो भएन । सफ्टवेयर राम्रो भएन भने हिसाव यथार्थपरक हुन सक्दैन । सफ्टवेयरमा रू. ३ लाख ५० हजार खर्च भयो तर अहिलेसम्म सुधार नभएको कुरा सुनेको छु । शाखा वा सम्पर्क कार्यालय खोल्नु मात्रै पनि ठूलो कुरा होइन । यसबाट Overhead Cost बढ्न जान्छ । शाखा खोलिने क्षेत्रको व्यवसायको सम्भाव्यता अध्ययन गरेर मात्रै शाखा खोल्नु आवश्यक छ । अहिले भैरहेका शाखा कार्यालयहरूले समेट्न सक्ने ठाउंमा थप खोल्न आवश्यक छैन ।

लेखापरीक्षकको प्रतिवेदनमा कैफियतहरू छन् । पर्याप्त जगेडा कोष नराखेको कुरा उल्लेख छ । बीमा समितिको पत्रमा समेत कैफियत उल्लेख गरिएको छ । कम्पनीमा रहेका बिभिन्न समितिहरूका सदस्यहरूको नाम र समितिको गठनको आधार के हो, अन्य समितिका बैठकहरू कतिपटक बसे र के कस्तो काम गरिए भन्ने कुरा राखेमा राम्रो हुनेथियो । गतवर्षको साधारण सभामा पनि बढि व्याज आउने बैंक फाइनान्समा रकम राख्नुपर्दछ भन्ने आवाज उठेको थियो । अहिले वाणिज्य बैंकहरूमा बढि रकम राखिएको छ । बढि व्याज आउने बिकास बैंक वा फाइनान्स कम्पनीमा रकम राख्नुपर्दछ । साथै व्यबसाय आउने बैंकमा पनि रकम राख्ने नीति हुनुपर्दछ ।

भ्रमण खर्च भनेको व्यबस्थापनको भ्रमणको खर्च हो वा सञ्चालकहरूको पनि हो, भ्रमणको प्रयोजन के हो, यसको लेखाजोखा कम्पनीले राख्नुपर्दछ । त्यस्तै व्यापार प्रबर्द्धन भनेको के हो, यसमा मनोरञ्जन, बिज्ञापन, प्रायोजन के के पर्दछ । वासलातको पेज नं. (३१) मा रू. २२ लाख ५९ हजारको अन्य हिसाव के हो, स्पष्ट पारियोस् । पेज नं. (४५) को लेखानीतिको नं. (१०) मा नेपाल लेखामान अनुरूप छैन भनिएको छ, यसलाई स्पष्ट पारियोस् । स्थिर सम्पत्तीको भौतिक परीक्षण किन हुन नसकेको हो ?

पेज नं. (४९) मा उल्लेखित रू. ११ लाखको दण्ड के कारणबाट हुन गएको हो । बीमा समितिको पत्रमा लगानी सम्बन्धी निर्देशनको प्रतिकूल हुने गरी लगानी गरिएको सम्बन्धमा जानकारी गराइदिनु होला । त्यस्तै अब आइन्दा निर्देशनको पालना गर्नुहुन भनी उल्लेख गरिएकोमा यस अघि नगरिएको हो कि आशय देखिन्छ ।

बीमा समितिले अब बीमा कम्पनीको चुक्ता पूंजी रू. ५० करोड पुऱ्याउने प्रचार भइरहेको छ । यसको लागि हामीले अहिलेसम्म के पायौं र थप लगानी किन गर्ने भन्ने कुरामा शेयरधनीहरूलाई कसरी आस्वस्त तुल्याउनु हुन्छ ? आजको सभामा हामी यहि कम्पनीको लागि छलफल चलाइरहेका छौं । यसलाई सकारात्मक रूपमा लिइदिनु हुन अध्यक्षज्यूलाई आग्रह गर्दछु ।

**अध्यक्षज्यूको जवाफः**

साच्चिकै रमेशजीको जिज्ञासाहरूले यस सभालाई सार्थक बनाइदिनुभयो । प्रतिवेदनको मिहिन तरिकाले बिश्लेषण गरी रचनात्मक सुझाव दिनुभयो । पानी, चिया, बिस्कुटको व्यबस्था गरिएकोमा केहि ढिलाई हुन गएको र अहिले उपलब्ध छ भन्ने व्यवस्थापनबाट जानकारी आएको छ ।

कम्पनीको भवन निर्माण सम्बन्धमा पहिला जग्गा चयन गर्न केहि समय लाग्यो । बीमा समितिबाट भवन निर्माणको स्वीकृति लिन पनि निकै समय लाग्यो । भवनको डिजाइन तयार गर्न सार्वजनिक सूचना गरी कन्सल्ट्यान्सीहरूको छनौट गरियो । अहिले नक्शा पास भईसकेको छ । ठेकेदारहरूको छनौट गर्नको लागि टेण्डर आव्हान गरेकोमा जम्मा ७ ठेकेदारहरूको टेण्डर पऱ्यो । गत जेष्ठ ०३ गते टेण्डर डकुमेन्ट खोलियो र त्यसमध्ये ३ ठेकेदारहरूले प्रस्तुत गरेको टेण्डर निर्धारित मापदण्ड अनुसार छन् भन्ने व्यबस्थापनबाट जानकारी प्राप्त भएको छ ।

५% नगद लाभांशमा आयकर लाग्छ । हामीसंग रहेको रकम बैंक तथा वित्त कम्पनीमा लगानी गर्न बीमा समितिको स्पष्ट निर्देशिका छ । सरकारी बण्ड छैन । सबैभन्दा बढि वाणिज्य बैंकहरूमा राख्नुपर्दछ । बिकास बैंक र फाइनान्स कम्पनीमा सीमित मात्रामा लगानी गर्न सकिन्छ । व्याजको सम्बन्धमा पहिला निकै कम व्याज थियो । अहिले व्याज बढेको छ । हामीले पनि अहिले बढि व्याजमा लगानी गर्दै गैरहेका छौं । कुनै १ महिना एउटा वाणिज्य बैंकमा राखेको निक्षेप सीमा नाघेको बिषय बीमा समितिले औंल्याएको हो र बीमा समितिको पत्रमा उल्लेख गरिएको त्यहि बिषय हो । बीमा समितिको निर्देशिका अनुशरण गर्दै वित्तीय संस्थाहरूमा बढि व्याज आउने गरी निक्षेपहरू राखि रहेका छौं ।

१७ वटा कम्पनी छन् । व्यवसाय हात पार्न अनेक सुबिधा दिने प्रचलन छ । तर हामीले नियम बिपरित कुनै छुट वा सुबिधा नदिने कुरामा दृढ छौं । कुनै ठूलो र नाफामूलक बीमा व्यबसायको प्रस्ताव आएमा सुबिधा दिई त्यस्तो व्यबसाय हात पार्न व्यापार प्रबर्द्धन कोष राखेका हौं । यसबाट मनोरञ्जन र बिज्ञापन खर्च गरिएको छैन । तर त्यसलाई प्रयोग गर्ने पनि व्यवस्थित प्रकृया छ । ३ वर्षसम्म त्यसबाट त्यति रकम खर्च भएको छैन । वासलातको सम्बन्धमा उठाउनुभएको कुराहरूको जवाफ वित्त बिभागका प्रमुखले दिनुहुनेछ ।

आगामी दिनमा कम्पनीको अन्य समितिमा रहेका सदस्यहरूको नाम पनि प्रकाशन गरिनेछ । दावीको सिलसिलामा थेग्नै नसकिने दवाव भनेको, तपाईहरूलाई थाहै छ,

अहिले बन्द, हडताल र दवावको भरमा काम गराउने संस्कृति बढ्दै गएको छ । दावी परेपछि आफुले मागेजति नै दिनुपर्ने, आजै, भोली नै दिनुपर्ने, नदिए शाखा बन्द गरिदिने, प्रधान कार्यालय नै तोडफोड गरिदिने, कर्मचारीलाई धम्की दिने प्रबृत्ति छ । यस्तो प्रबृत्तिलाई दावीमा थेग्नै नसकिने दवाव भनिएको हो ।

शाखाहरूको व्यवसाय प्रबर्द्धन र त्यहांका समस्याहरूको पहिचान गर्नको लागि सञ्चालकहरू र व्यवस्थापनका पदाधिकारीहरूले शाखा भ्रमण गर्ने गर्दछन्, भ्रमण खर्च त्यहि नै हो । सफ्टवेयरको सम्बन्धमा त्यसलाई बढि जानकार राख्नुहुने सञ्चालक श्री मनोहर दास मुलले स्पष्ट पार्नुहुनेछ ।

**श्री मनोहर दास मुलः**

व्यवसायको अद्यावधिक विवरण राख्नको लागि सफ्टवेयर अती जरूरी छ । तर नेपाली बजारमा बीमा कम्पनीको लागि भरपर्दो सफ्टवेयरको बिकास भईसकेको छैन । सफ्टवेयर कहिल्यै पनि पूर्ण हुंदैन र त्यसलाई नियमित रूपमा बिकास र परिमार्जन गर्दै लैजानुपर्दछ । हामीले शुरूमा नै ग्याप्स नेपाल प्रा.लि. को सफ्टवेयर राख्यौं । बीमा समितिको समय समयमा हुने नियम परिवर्तन, निर्देशन र बीमा दरमा हुने संशोधन समेतलाई समेटेर सफ्टवेयरमा परिमार्जन गर्दै लैजांदा त्यो पूर्ण रूपमा सक्षम हुन केहि ढिलो हुन गयो । तर अहिले त्यसले करिब पूर्णता प्राप्त गरिसकेको छ ।

**मेजर श्री कुबेर श्रेष्ठः**

साधारण सभामा खाली काठमाडौंका लगानीकर्ताहरूले मात्रै बोल्ने गरेकोमा काठमाडौं बाहिरका एक लगानीकर्ताले गहिरो विश्लेषण गर्नुभयो ।

उहांले ५ वर्ष भयो, हामीले केहि पाएनौं भन्नुभएकोमा, यो कम्पनी अहिले ५ वर्ष पुगेको छ । ११/१२ वर्षका अरू कम्पनीले एकवर्ष लाभांश दिएर १० वर्ष सुतेर बसेका छन् । कतिले दिनै सकेका छैनन् । यो ५% लाभांश थोरै अवश्य हो । तर हामी ५% दिएपनि खुसी छौं । कतिले दिएकै छैनन त भैरहेको छ । कमसेकम यस कम्पनीले गतवर्षदेखि शुरू गरेको छ ।

मुख्य कुरा के भने अघिल्लो वर्षको तुलनामा आ.ब. ०६५/६६ मा ४१.७७% ले खुद नाफा बढेको छ । कूल व्यय घटेको देखिन्छ । प्रतिवेदनको मुख्यपृष्ठमा देखाइएको यो रकेट स्टाइलको भवन कहिले बनिसक्ने हो र यसको लागि कति बजेट अनुमान गरिएको छ यहि सभामा भन्दिनुपर्‍यो । समिति ६ वटा छन् । कुनैमा ३ जना, ५ जना, ६ जना सदस्य छन् । यति धेरै सदस्य किन चाहियो । सबैमा ३ जना राखे हुन्छ । सञ्चालकहरू आएर कम्पनी हेर्नु सम्भव हुंदैन । हाम्रो कम्पनीले कुन कुन बैंक फाइनान्समा कति रकम राखेको छ, अर्को पटकदेखि यसको विवरण राख्नुपर्‍यो । पुनर्बिमा कम्पनीको नाम पारदर्शी ढङ्गले राखिएको कुरा सराहनीय छ ।

बीमाको कुनै सीमा हुंदैन भन्ने भनाई छ । बीमा बजार निकै सानो छ । त्यसको मुख्य कारण बीमा सम्बन्धी जनचेतना कम छ । मानिसहरूमा बीमा गर्नुपर्दछ भन्ने ज्ञान कम छ । गतवर्ष पनि मैले भनेको थिएं, १७ वटा बीमा कम्पनी, बीमक संघ, बीमा समिति, अर्थ मन्त्रालय सबैले समन्वय गरी स्कूल, कलेजका पाठ्यक्रमहरूमा बीमा सम्बन्धी बिषय अनिवार्य रूपमा राख्न लगाएमा ५ वर्षपछि यसको चेतना र बजार निकै बढ्छ । यसको प्रचार प्रसार हुन सकेको छैन । कम्पनीहरूले आफ्नो व्यवसाय बृद्धिको अलवा यसबारे जनचेतना जगाउने काम समेत संगसंगै गर्नुपर्छ । एउटा भनाई छः शेयरहोल्डर भनेका कम्पनीका नट र बोल्ट हुन् । अहिले सहयोग, समझदारी र सद्भावको कुरा निकै आइरहेको छ । यो ३ "स" को अनुशरण गरी हामी शेयरधनी र सञ्चालक मिलेर यस कम्पनीको व्यवसाय बढाउन र बीमा सम्बन्धी चेतना जगाउन सक्छौं । यसको लागि हामी शेयरधनीले बीमा गर्दा के के सुबिधा पाउंछौं भन्दिनुपऱ्यो । हामीले यस कम्पनीमा बीमा गर्दा केहि सुबिधा पाइएमा हामी मार्फत हजारौं व्यक्तिमा यसबारे चेतना बृद्धि हुन्छ । यसको साथै हाम्रा शाखाका कर्मचारीहरूलाई पनि उनीहरूको व्यवसायको टार्गेट यति हुन्छ भनी दिने अलवा यति जना मानिसहरूमा बीमाको चेतना जगाउने लक्ष्य पनि दिनुपर्छ भन्ने मलाई लाग्छ ।

मलाई सर्भेयर भन्ने कस्तो हुन्छ भनी हेर्न मन लागेको छ । बीमा गर्दा सर्भेयरको छनौटमा निकै ध्यान दिनुपर्दछ । सर्भेयरले क्षतिको मूल्यांकन गर्दा गम्भीरता नदेखाएको कारण कम्पनी र दावीकर्ता दुबैले घाटा खाने र बीचमा अर्कै व्यक्तिले फाइदा लिने गरेको हामीले सुनेका छौं । यसपटक नेपालगञ्ज र बुटवलका कर्मचारीलाई पुरस्कृत गर्न लाग्नुभएको कार्य निकै सराहनीय छ ।

अध्यक्षज्यूले भन्नुभयो, बीमा कम्पनीमा जनशक्तिको अभाव छ । जान्ने मान्छे निकै कम छन् । एउटाको मान्छे अर्कोमा तानातान छ । यसको लागि जनशक्ति बिकासमा ध्यान दिनुपर्दछ । कर्मचारीलाई आन्तरिक तालिम दिनुस्, अफिसमै नसके तालिमको लागि बाहिर पठाउनुस् । कम्पनीले नाफा कमाउंदै गएपछि कर्मचारीको सुबिधा पनि बृद्धि गर्दै जानुपर्दछ । अर्को कुरा, यो हामीलाई दिने भनेको ५% लाभांश कहिलेसम्म पाउने हो, आजै घोषणा गरिदिनुहोला ।

**अध्यक्षज्यूको जवाफः**

निकै रोचक र रचनात्मक सुझाव दिनुभयो । यो नगद लाभांश ढिलोमा जेष्ठ १६ गतेसम्म बांडिने जानकारी पाएको छु । हाम्रा कर्मचारी र शाखाहरूलाई हरेक वर्ष नै व्यबसायको लक्ष्य दिने गरेका छौं । ऐनमा नै सर्भेयर नियुक्त गर्नैपर्ने भन्ने उल्लेख छ । राम्रो काम गर्नेलाई सर्भेयरको काम दिने प्रयास गरिरहेका छौं । शेयरहोल्डरहरूले बीमा गर्न आएमा के सुबिधा दिन सकिन्छ भन्नेबारे छलफल गर्न म हाम्रा सञ्चालकहरूलाई आग्रह गर्दछु ।

**श्री अमिरदास रञ्जितः**

सभाको स्थान टाढा भयो । ५% लाभांश दिनुभएकोमा धन्यवाद । अर्को वर्ष बढाउने प्रयास गर्नुहोला । नेपालगञ्ज र बुटवलका साथीहरूलाई सम्मान गर्ने कार्यक्रम स्वागतयोग्य छ । बीमा बजार सानो छ । यसलाई बिस्तार गर्नको लागि बीमक संघले खासै पहल गरेको पाइएन । त्यसको साथै कूल बीमाशुल्कको १% लिने बीमा समितिले पनि केहि गर्न सकेको देखिएन । बीमा सम्बन्धी जागरणको अभियान शुरू गर्न सुझाव दिन चाहन्छु । भवन बनाउने कामको थालनी गर्नु स्वागतयोग्य छ र यसलाई छिटो अगाडि बढाउनुहोला ।

कम्पनीमा रहेका ६ वटा समिति के कति आवश्यक छ, छैन हेर्नुपर्‍यो । समितिहरू सानो र चुस्त बनाउनु पर्दछ । लाभांश बुझ्न बाँकी शेयरधनी धेरै देखियो । उनीहरूलाई यसबारे सूचित गर्न आवश्यक छ । सञ्चालकहरूको भत्ता बृद्धि गर्नु समसामयिक छ । समयमै प्रतिवेदन दिने गरी लेखापरीक्षक नियुक्त गर्नुपर्दछ । बीमा समितिको लगानी निर्देशिकाको व्यबस्था बारे प्रतिवेदनमा उल्लेख गरिदिए बुझ्न सजिलो हुने थियो । कर्मचारी खर्च बढ्नु स्वभाविक छ ।

अहिले बीमा कम्पनीको संख्या बढ्ने क्रम रहेकोले हामीकहां कार्यरत कर्मचारीलाई सुबिधाहरूको पुनरावलोकन गरी यहि कम्पनीमा रहिरहने अबस्थाको सृजना गर्न आवश्यक छ । कम्पनीमा रहेको रकम बढि व्याज आउने गरी बैंकमा राख्नुको अतिरिक्त बिभिन्न कम्पनीको शेयरमा लगानी गर्न सकिने व्यबस्थाको लागि पहल गर्न अनुरोध गर्दछु । बीमा समितिको निर्देशनलाई ध्यान दिएर अर्को वर्षदेखि कुनै कैफियत नआउने गरी काम गर्न अनुरोध गर्दछु । अहिले बीमा समितिले रू. ५० करोड चुक्ता पूंजी पुर्‍याउने चर्चा बजारमा चलेको छ । यस्तो अबस्थामा पूंजी बृद्धि गरी शेयरधनीहरूले यति ठूलोरकम थप लगानी गर्न सक्ने अबस्था नभएकोले कम्पनीहरू गाभिनुपर्ने अवस्था आउनसक्छ । यसतर्फ पनि बिचार गर्न आग्रह गर्दछु ।

**अध्यक्षज्यूको जवाफः**

भवन निर्माण गर्न कति खर्च लाग्छ भन्ने जिज्ञासाको सम्बन्धमा भवन निर्माण गर्न र सबै उपकरणहरू समेत जडान गरी तयार गर्नको लागि अहिले रू. ७ करोड लाग्ने अनुमान गरिएको छ । साधारण सभाको स्थान टाढा भएको गुनासोको सम्बन्धमा गत बैशाख ३१ गतेको लागि निर्धारित साधारण साधारण सभा गर्न काठमाडौंका सबै हलमा बुझ्दा कतै खाली नपाइएको हुंदा अन्तीम प्रयास स्वरूप स्टाफ कलेजमा राख्नुपर्‍यो । फेरी छोटो सूचनाद्वारा साधारण सभा पुनः आव्हान गर्दा पनि काठमाडौंमा हल पाउने सम्भावना नदेखिएपछि यसै ठाउंमा आव्हान गरियो । अर्को वर्ष काठमाडौंमा गर्नेछौं ।

बीमा जागरण एकदम कम छ । बीमा समितिलाई हामीले कूल बीमाशुल्कको १% बुझाउंछौं । त्यसबाट बीमा सम्बन्धी जागरण कार्यक्रम ल्याउनुपर्ने हो । तर उहांहरूले

उल्लेखनीय रूपमा पहल गर्नुभएको छैन । बीमा समितिका अध्यक्षलाई भेट्दा वा अन्तर्क्रियाहरूमा यसबारे मैले कुरा उठाएको थिएं र अरू सबैले समर्थन पनि गरे । उहांले यो कुरा स्वीकार गर्दै अब केहि गर्छौं भन्नुभएको छ । कम्पनीमा कतिजना सञ्चालक राख्ने भन्ने बारे शेयरको अनुपातमा हुन्छ । त्यस्तै कम्पनी ऐन अनुसार २ जना सञ्चालक राख्दा हाम्रा्जस्ता सानो कम्पनीमा ११ जनाको सञ्चालक समिति रहने भयो । सबै सञ्चालक जम्मा हुन सधैं सम्भव नहुने र खर्च पनि बढि हुने भएकोले कार्यकारी समिति राखेर काम गरेका छौं ।

**श्री डमरू बल्लभ घिमिरेः**

लाभांश वितरण कार्यलाई निरन्तरता दिनुभएकोमा धन्यवाद । तर यस वर्षको प्रगति, नाफा हेर्दा ७% सम्म दिन सकिन्थ्यो कि जस्तो लाग्छ । त्यस्तै प्रतिवेदन अनुसार बीमाशुल्क संकलन, व्याज आम्दानी, खुद नाफामा भएको प्रगतिको लागि सञ्चालक समिति र व्यबस्थापनलाई धन्यवाद दिन चाहन्छु । साधारण सभाको स्थान चयन गर्दा सबैलाई पायक पर्ने ठाउंमा चयन गर्नुपर्ने थियो । काठमाडौंमा रहेका रसियन कल्चर सेटर, सभागृह, प्रज्ञा भवन, पर्यटन बोर्ड आदि ठाउंमा राख्न सकिन्थ्यो ।

गतवर्ष हामीले दिएका धेरै सुझावहरू प्रतिवेदनमा सुधार भएको पाइयो । यसको लागि धन्यवाद दिन चाहन्छु । लेखापरीक्षकले माघ २८ मा बुझाएको र त्यहि मितिमा बीमा समितिमा बुझाएपनि बीमा समितिले चैत्र १६ गते स्वीकृत गरेको देखिन्छ । यसबाट सभा बस्न ढिला भएको देखिन्छ । आगामी बर्ष सभा चांडो गर्न आव्हान गर्दछु । प्रतिवेदनको पेज नं. (३६) मा १% भन्दा बढि शेयर लिने शेयरधनीहरूको नाम देखिन्छ । यसलाई संस्थापक र सर्वसाधारण भनी छुट्याएको भए हुने थियो । हुनत सर्वसाधारण शेयरधनीहरूको १% नपुगेको होला तर समूह छुट्याएर गर्नु उचित हुन्छ । बीमा समितिले वित्तीय विवरण स्वीकृत गर्ने सिलसिलामा दिएका निर्देशनहरूबाट कम्पनी सतर्क हुनुपर्ने देखिन्छ ।

समितिहरू ६ वटा छन् । यो जम्बो समिति भयो । यसलाई घटाएर ३ जनाको समिति बनाउन सुझाव दिन चाहन्छु । बीमा गर्नुपर्दछ भन्ने जनचेतना जगाउन बीमा समिति र कम्पनीहरू मिलेर व्यापक प्रचार प्रसार गराउनुपर्दछ । यस्तो प्रचार कुनै होटलमा सेमिनार गरेर हुंदैन, सर्वसाधारण माझ गएर चेतना फैलाउनु पर्दछ । पूर्ववक्ता साथीले भन्नु भए झैं उपस्थित शेयरधनीहरूलाई चिया पानीको व्यबस्था समयमै नगरिनुले हामीलाई वेवास्ता गरेजस्तो लाग्यो । अन्तमा साधारण सभाको सफलताको कामना गर्दे आगामी बर्षमा लाभांशमा बृद्धि गरियोस् भन्ने सुझाव दिन चाहन्छु ।

**श्री इन्द्रकृष्ण श्रेष्ठः**

धेरै कुरा बाहिर आइसकेको छ । लाभांश दिने निर्णयलाई निरन्तरता दिनुभएकोमा धन्यवाद । यस कम्पनीमा ८३ जना कर्मचारी रहेको देखिन्छ । यसमा महिला कति र पुरूष कति छन्, स्पष्ट खुलाइदिए राम्रोहुने थियो । सबैभन्दा बढि मुनाफा आर्जन

गराउने नेपालगञ्ज शाखा र बढि बीमाशुल्क आर्जन गराउने बुटवल शाखालाई पुरस्कृत गर्ने कार्यक्रम राख्नुभएकोमा खुसी लाग्यो । म दुबै शाखाका प्रमुखहरूलाई पद प्रमोशन गर्न सुझाव दिन चाहन्छु । तालिम खर्च कम देखियो । औषधोपचार खर्चमा रकम राखिएको छैन । यो सुबिधा नभएर हो कि ? कर्मचारीहरूलाई कम्पनीको अबस्था हेरी सबै सुबिधा प्रदान गर्न आग्रह गर्दछु ।

**श्री लवराज जोशीः**

शेयरधनीहरूले साधारण सभामा दिएका सुझावहरूलाई ध्यानमा राखेर कम्पनीले नीतिगत निर्णय लिई कार्यान्वयन गर्दै जानुपर्दछ । ५% लाभांश ठिकै छ । तर अहिले १२% बैंकको व्याज छ । कतिलाई चित्त नबुझ्ला । ज्ञानेश्वरमा भवन निर्माण गर्ने कार्यक्रमबाट सबैजना खुसी छौं । बीमा समितिको स्वीकृति पत्रमा बिषय नै गल्ती लेखिएको छ । हामीले सामान्य गल्ती गर्दा ठूलो विषय बनाउने र उनीहरूको गल्ती चाहिं गल्ती नहुने कुरा उचित होइन ।

कम्पनीमा मार्केटिङ्, अण्डरराइटिङ्, दावी, पुनर्बिमा, फाइनान्स सबै बिभागहरूका काम उत्तिकै महत्वपूर्ण छन् । कुन कुन बैंकमा रकम राखिएको छ त्यसको विवरण राखिएको भए हुने थियो । हामीले राम्रो व्याजदर लिन सकेनौं जस्तो लाग्यो । व्याजको अलवा व्यबसाय दिने बैंकमा रकम राख्नुपर्दछ । यहां सञ्चालकले चेकमा हस्ताक्षर गर्ने परिपाटी छ । व्यबस्थापनप्रति अविश्वास भएर हो कि । यसबाट समयमै चेकमा हस्ताक्षर नहुंदा कुनै बेला समस्या पर्ने सम्भावना पनि रहन्छ । त्यस्तै बिभागको प्रमुखले पाउने जिम्मेवारी तल्लो तहका कर्मचारीलाई दिने गरिएको जानकारी प्राप्त भएको छ । यसले गर्दा स्टाफहरूको मनोवल, Team Speed मा कमि आउछ । भावनामा नैराश्यता आउंछ । यदि त्यस्तो भएको छ भने हेर्नुपर्‍यो ।

६ महिनाभित्र साधारण सभा गर्ने तरिकाले काम गर्नुपर्दछ । वित्तीय विवरण माघमा तयार हुने, बीमा समितिले २ महिना समय लगाउने गर्दा ढिलो हुने नै भयो । साधारण सभा चांडो गरेमा लगानीकर्ताले पाउने लाभांश छिटो पाउंछन् । जस्तो माघ महिनामा पाउनुपर्ने लाभांश अब जेठमा पाइने भयो । शेयरधनीलाई नोक्सान भयो । व्यबस्थापन खर्च बढेको देखियो । बीमाशुल्कको अनुपातमा व्यबस्थापन खर्चमा तालमेल नभएको देखियो । कम्पनीको भावी नीतिहरूको तर्जुमा गर्दा के कस्ता समस्याहरू छन्, त्यसलाई केलाएर अन्तर्क्रिया गर्न आवश्यक देखिन्छ । कर्मचारीहरूलाई तालिम, प्रशिक्षणको व्यबस्था हुन जरूरी देखिएको छ ।

सञ्चालकहरूले कम्पनीलाई कसरी अगाडि बढाउने भन्नेबारे दत्तचित्त भएर काम गर्नुपर्‍यो । हिमालय शमशेरज्यू जस्तो व्यक्ति अध्यक्ष हुनुभएको कम्पनीले यसबारे सोचेकै होला । हाल भएका गल्तीहरूलाई सच्याई नीतिहरू तर्जुमा गर्नुपर्दछ ।

**अध्यक्षज्यूको जवाफः**

गहिरो अध्ययन गरेर सुझाव दिनुभयो । वासलातको बारेमा उठेका जिज्ञासाहरूको जवाफ वित्त बिभागका बरिष्ठ प्रबन्धक श्री इन्द्र बहादुर गुरूङ्गले दिनुहुनेछः

**श्री इन्द्र बहादुर गुरूङ्गः**

बिबिध आयमा अघिल्लो बर्षको तुलनामा आय घट्नुमा अघिल्लो वर्षमा शेयर निष्काशन आम्दानी रू. ३२,९३,९१६/९६ आय देखाइएको र यो वर्ष उक्त आय नभएकोले घटेको देखिएको, समग्रमा सो आम्दानी बाहेक अन्यको हकमा २५% बृद्धि भएको छ । पर्याप्त जगेडा नराखिएको भन्ने सम्बन्धमा यसलाई बीमाको अन्तर्राष्ट्रिय मापदण्ड Bournhuewte Ferguson Method अनुसार राखिएको छ । व्यबस्थापन खर्च अन्तर्गत अन्य शिर्षकमा राखिएको रू. २१,९३,९८४/- को फेहरिस्त अनुसूचि-५ को २९.१, २९.२ र २९.३ मा देखाइएको छ । मुख्यतः अघिल्लो वर्षको अनुपातमा यसवर्ष शेयर निष्काशन सम्बन्धी खर्च रू. १८,०७,१३२ रकम देखाइएकोले बढि देखिएको हो ।

प्रमुख लेखानीतिको नं. (१०) मा अन्य आय लेखाङ्कन तथा बांडफांड नीतिमा जनाइएको नेपाल लेखामान अनुरूप छैन भन्ने सम्बन्धमा अन्तर्राष्ट्रिय लेखामान-८ मा व्यबस्था भए बमोजिम लेखिएको हो । दण्ड जरिवाना शिर्षक अन्तर्गत आ.ब. २०६३/६४ मा समयमै लेखापरीक्षकबाट अनुमोदित वित्तीय विवरण तयार हुन नसकी आय विवरण म्यादभित्र बुझाउन ढिला हुन गएकोले जरिवाना बुझाउनु परेको थियो । सम्पत्तीको भौतिक परिक्षण यस वर्ष सम्पन्न गरिसकिएको छ ।

बीमा समितिको पत्र अनुसार यथार्थपरक नगद प्रवाह तयार गर्ने निर्देशन सम्बन्धमा अन्तर्राष्ट्रिय लेखामान मापदण्ड-७ अनुरूप प्रत्यक्ष र अप्रत्यक्ष दुबैको मिश्रित मापदण्ड अनुसार नगद प्रवाह विवरण तयार गरिएको हो । खुद बीमाशुल्कको तुलनामा एजेन्सी कमिशन र व्यबस्थापन खर्च गतसालको तुलनामा बढि भएको भन्ने सम्बन्धमा अनुसूचि-१ मा जनाइएको कुल बीमाशुल्कलाई आधार मान्दा अभिकर्ता कमिशन बढि देखिंदैन । आम्दानी कम भएपनि व्यबस्थापन खर्च बढि भएको भन्ने जिज्ञासाको सम्बन्धमा बीमा समितिको निर्देशनको आधारमा गर्नुपर्ने खर्च बांडफांड नीति अनुसार बढि देखिन गएको हो । वासलातको अनुसूचि २७ मा देखाइएको प्रमुख सूचाङ्कहरूको आधारमा कम्पनीको वित्तीय अबस्था मजबुत रहेको यथार्थता यहांहरूलाई जानकारी गराउंछु ।

छलफलको क्रम समाप्त भएपश्चात अध्यक्षज्यूले सञ्चालक समितिको पाँचौं वार्षिक प्रतिवेदन, २०६६ साल आषाढ मसान्तको वासलात, आ.ब. २०६५/६६ को नाफा नोक्सान हिसाव, सोही अबधीको नगद प्रवाह विवरण, सोसंग सम्बन्धित अनुसूचिहरू र चुक्ता पूंजीको ५ प्रतिशत नगद लाभांश बितरण गर्ने सञ्चालक समितिको सिफारिस पारित गरिदिन सभासमक्ष प्रताव गर्नुभयो ।

## सभाको निर्णय

क) सभामा प्रस्तुत आ.ब. २०६५/०६६ को सञ्चालक समितिको पाँचौ बार्षिक प्रतिवेदन पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

ख) सभामा प्रस्तुत लेखापरीक्षकको प्रतिवेदन सहित २०६६ साल असार मसान्तको वासलात, आ.ब. २०६५/०६६ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र अनुसूचिहरू पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

ग) सञ्चालक समितिले सिफारिस गरे अनुसार आ.ब. ०६४/६५ को मुनाफाबाट चुक्ता पूंजी रू. १२ करोड ५० लाखको ५ प्रतिशतले हुन आउने रू. ६२,५०,०००/- (बैंसठ्ठी लाख पचास हजार मात्र) नगद लाभांश बितरण गर्ने प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

घ) **सञ्चालक समितिको बैठक भत्ता बृद्धि गर्ने:**

यस कम्पनीमा हाल सञ्चालक समितिको अध्यक्षलाई रू. २,५००/- र सञ्चालकलाई रू. २,०००/- बैठक भत्ता रहेको जानकारी अध्यक्षज्यूले गराउनुभयो । बैठक भत्ता पुनरावलोकन गर्नको लागि अन्य कम्पनीहरूमा के कस्तो व्यबस्था छ भन्नेबारे जानकारी लिन आवश्यक भएको हुंदा अन्य ८ कम्पनीको बैठक भत्ताको विवरण संकलन गरिएको जानकारी दिंदै ती कम्पनीहरूको बैठक भत्ताको अङ्क सभामा पढेर सुनाउनुभयो । यस कम्पनीको बैठक भत्ता अधिकांशतः कम्पनीको तुलनामा कम भएकोले सञ्चालक समितिको अध्यक्षलाई रू. ५,०००/- र सञ्चालकलाई रू. ४,०००/- बैठक भत्ता तोक्न अध्यक्षज्यूले सभाको राय माग्नुभयो ।

बिस्तृत छलफल गरी हालको बैठक भत्ता कम देखिएको हुंदा सञ्चालक समितिको अध्यक्षलाई रू. ४,०००/- र सञ्चालकलाई रू. ३,०००/- बैठक भत्ता प्रदान गर्ने सर्वसम्मतिले निर्णय गर्‍यो ।

ङ) **आ.ब. २०६६/०६७ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक:**

यस कम्पनीको आ.ब. २०६६/६७ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक सिफारिस गर्ने बिषयमा लेखापरीक्षण समितिका अध्यक्ष श्री मनोहर दास मुललाई प्रस्तुत प्रस्तावको सम्बन्धमा प्रकाश पारिदिनुहुन सञ्चालक समितिका अध्यक्षज्यूले आग्रह गर्नुभयो ।

**श्री मनोहर दास मुलः**

बिगत २ वर्षदेखि यस कम्पनीको लेखापरीक्षणको कार्य सम्पन्न गर्दै आउनु भएका टि.आर. उपाध्याय एण्ड कम्पनीले चालु आ.ब. २०६६/६७ को पनि लेखापरीक्षण गर्न सक्नुहुनेछ । बिगत २ बर्षको लेखापरीक्षणको सिलसिलामा उहांबाट प्राप्त सुझावहरूको कार्यान्वयनबाट कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा निकै सुधार भएको, यथासमयमा तथ्याङ्कहरू प्राप्त गर्न सकिने अबस्थामा कम्पनी आइपुगेको, बिभागहरूको काम कारवाहीहरूमा निकै सुधार भएको हुंदा आ.ब. २०६६/६७ को लागि यस कम्पनीको लेखापरीक्षकमा टि.आर. उपाध्याय एण्ड कम्पनीलाई नै नियुक्त गर्न सिफारिस गरिएको छ ।

लेखापरीक्षण शुल्कको सम्बन्धमा आ.ब. २०६४/६५ मा लेखापरीक्षकलाई लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणित गर्न समेत रू. १ लाख ५० हजार भुक्तानी दिइएको, आ.ब. २०६५/६६ को लागि १०% ले बढाई रू. १ लाख ६५ हजार गर्नको लागि साधारण सभामा सिफारिस गरिएकोमा सभाबाट पुरानै रकम रू. १ लाख ५० हजार नै स्वीकृत गर्ने निर्णय भएको थियो । लेखापरीक्षणको क्रममा बीमा समितिको निर्देशिका अनुसार लेखापरीक्षकको कार्यभारहरू थप गरिएको र जोखिम पक्षसंग सम्बन्धित बिषयहरूको समेत अझै गहिरो अनुसन्धान गर्नुपर्ने भएकोले रू. २ लाख लेखापरीक्षकबाट शुल्क प्रस्ताव भई आएको र लेखापरीक्षकको थप कार्यभारहरू समेतलाई मनन गरी रू. २ लाख भुक्तानी दिनको लागि साधारण सभामा सिफारिस गरिएको छ ।

शेयरधनीहरूले टि.आर. उपाध्याय एण्ड कम्पनीले ढिलो गरी लेखापरीक्षण कार्य गरेको देखिएको भनी गर्नुभएको आलोचनाको सम्बन्धमा बैंक रिकन्सिलेशन लगायत कम्पनीको तर्फबाट सम्पन्न गर्नुपर्ने तयारीहरू पूरा गर्न ढिला भएको र लेखापरीक्षकको कारणबाट लेखापरीक्षणको काम ढिलो नभएको सञ्चालक श्री मुलले स्पष्ट पार्नुभयो । लेखापरीक्षकको प्रस्ताव आउंदा अरू बैकल्पिक नामहरू पनि संगै आउनुपर्नेमा एकजनाको मात्रै आएको प्रश्नको जवाफमा हालका लेखापरीक्षकबाट थप एकवर्षको लागि पनि लेखापरीक्षण गराउन सकिने भएको र निजलाई बाँकी एकवर्षको लागि लेखापरीक्षण गर्न दिइएमा उचित हुने देखिएकोले निजलाई सिफारिस गरिएको, आगामी साधारण सभामा सम्भावित लेखापरीक्षकहरूको नाम प्रस्तुत गरिने जानकारी गराउनुभयो ।

सभामा उल्लेखित प्रस्तावमाथि छलफल भई यस कम्पनीको २०६७ साल असार मसान्तको वासलात, आ.ब. २०६६/०६७ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण, कर लेखापरीक्षण र कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण प्रमाणित गर्न समेत श्री टि.आर. उपाध्याय एण्ड कम्पनीलाई नियुक्त गर्ने र सो बापत निजलाई

रू. १,७५,०००/- (एक लाख पचहत्तर हजार) पारिश्रमिक दिने सभाले सर्वसम्मतिबाट निर्णय गर्‍यो ।

**च) संस्थापकहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सात सञ्चालकहरुको निर्वाचन गर्ने:**

यस कम्पनीका संस्थापकहरूको समूह "क" बाट प्रतिनिधित्व गर्ने सात सञ्चालकहरूको निर्वाचनको सम्बन्धमा सभाको अनुमति लिई निर्वाचन अधिकृतको निर्णय कम्पनी सचिवबाट पढेर सुनाइयो । जस अनुसार यस कम्पनीको पाँचौं बार्षिक साधारण सभामा समूह "क" बाट प्रतिनिधित्व हुने ७ (सात) जना सञ्चालकहरूको निर्वाचनको लागि, निर्वाचन गर्नुपर्ने सञ्चालकको संख्या र निर्वाचनमा खडा भएका उमेदवारको संख्या बराबर भएको हुंदा कम्पनीको सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०६३ को दफा (१३) बमोजिम उमेद्वारी दर्ता गर्नुहुने निम्न महानुभावहरू उक्त समूहको तर्फबाट निर्विरोध निर्वाचित हुनुभएको घोषणा गरियो ।

| क्रसं. | उमेद्वारको नाम र ठेगाना |
|---|---|
| १ | श्री अरूण राज श्रेष्ठ का.जि., का.म.पा., वडा नं. १०, नयां बानेश्वर |
| २ | श्री नेपाल हिमालयन ट्रेड कम्पनी प्रा.लि., का. जि., का.म.पा., वडा न २४, महाबौद्ध (प्रतिनिधि- श्री विश्वराज रेग्मी) |
| ३ | श्री मनोहर दास मुल, का.जि., का.म.पा., वडा नं. ११, थापाथली |
| ४ | श्री मिङ्मा दोर्जी शेर्पा, का.जि., का.म.पा., वडा नं. ४, बालुवाटार |
| ५ | श्री लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कं.लि., का.जि., का.म.पा., वडा नं. २९, त्रिदेवीमार्ग ठमेल (प्रतिनिधि- श्री चिन्तामणि भट्टराई) |
| ६ | श्री शङ्कर घिमिरे, का.जि., का.म.पा., वडा नं १, कमलपोखरी |
| ७ | श्री सुरज वैद्य, का.जि., का.म.पा., वडा नं ३, बाँसबारी |

उक्त नामावलीमा हालका अध्यक्ष श्री हिमालय शमशेर ज.ब.राणाको नाम नरहेकोप्रति शेयरधनीहरूले आश्चार्य प्रकट गर्नुभयो । यसको जवाफमा अध्यक्ष श्री हिमालय शमशेर ज.ब.राणाले आफ्नो उमेर ८३ वर्ष पुगिसकेको अबस्थामा र सञ्चालक पदको लागि ९ जनाको उमेद्वारी परेकोले युवा जोस भएका संस्थापकहरूलाई नेतृत्व हस्तान्तरण गर्ने अवसरको रूपमा लिई उमेद्वारी फिर्ता लिएको जानकारी गराउनु भयो । आफ्नो कार्यकालमा सहकार्य गर्ने सबै सञ्चालकहरू तथा कर्मचारीहरूलाई सहयोगको लागि आभार व्यक्त गर्नुभयो ।

यस सम्बन्धमा थप प्रकाश पार्दै सञ्चालक श्री मनोहर दास मुलले अध्यक्षज्यूको नेतृत्व र संरक्षकत्वमा कम्पनी हालको अबस्थामा आइपुग्न सफल भएको र भविश्यमा पनि उहांको मार्गदर्शन कम्पनीलाई प्राप्त भैरहने विश्वास शेयरधनीहरूलाई दिलाउनुभयो । हालसम्म गर्नुभएको योगदानको लागि उपस्थित सबै सहभागीहरू आ-आफ्नो ठाउंबाट उठेर ताली बजाई उहांप्रति हार्दिक आभार प्रकट गरियो ।

साथै उहांलाई सम्मान स्वरूप यस कम्पनीको आजीवन संरक्षकको रूपमा रहिदिन अनुरोध गरिएकोमा उहांले स्वीकार गर्नुभएको जानकारी सञ्चालक श्री मुलले सभालाई अवगत गराउनुभयो । संस्थापक अध्यक्ष श्री हिमालय शमशेर ज.ब.राणालाई आजीवन संरक्षक जस्तो सम्मानित हैसियतमा राख्ने प्रस्तावको शेयरधनीहरूले स्वागत गर्नुभयो र उक्त प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो । साथै शेयरधनीहरूले नवनिर्वाचित सञ्चालकहरूको सफलताको कामना गर्नुभयो ।

छ) <u>बिबिध:</u>

यस कम्पनीको आ.ब. २०६५/६६ मा सबैभन्दा बढि मुनाफा आर्जन गराउन सफल नेपालगञ्ज शाखालाई प्रदान गरिएको ट्रफीको व्यहोरा कम्पनी सचिवबाट पढेर सुनाइयो र सभाका सभापति श्री हिमालय शमशेर ज.ब.राणाज्यूले उक्त ट्रफी सो शाखाका प्रमुख श्री नवराज पराजुलीलाई हस्तान्तरण गर्नुभयो ।

त्यसैगरी यस कम्पनीको आ.ब. २०६५/६६ मा सबैभन्दा बढि बीमाशुल्क आर्जन गराउन सफल बुटवल शाखालाई प्रदान गरिएको कदरपत्रको व्यहोरा कम्पनी सचिवबाट पढेर सुनाइयो र सभाका सभापति श्री हिमालय शमशेर ज.ब.राणाज्यूले उक्त कदरपत्र सो शाखाका प्रमुख श्री नवराज तिमिल्सेनालाई हस्तान्तरण गर्नुभयो ।

**धन्यबाद ज्ञापन तथा सभा बिसर्जन:**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरूबाट आफ्नो बहुमूल्य समय दिई छलफलमा सक्रिय सहभागी हुनु भई उपयोगी सुझावहरू प्रदान गर्नुभएकोमा र सभालाई सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न सहयोग गर्नुभएकोमा उपस्थित सबै शेयरधनी महानुभावहरूलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै सभा बिसर्जन गरिएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| देवेन्द्र कोइराला<br>कम्पनी सचिव | .. | हिमालय शमशेर ज.ब.राणा<br>अध्यक्ष |